# हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड

## Haripur Water Supply and Sanitation Management Board

## सेवा करारमा कर्मचारी आबश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/२२ गते)

हरिपुर नगरपालिका भित्रका खानेपानी आयोजनाहरुको दीगो व्यवस्थापन गर्ने गराउने प्रयोजनका लागि हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन २०७९ अन्तर्गत हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड गठन भएको छ। उक्त बोर्डका कार्यक्रमहरु संचालन तथा कार्यान्वयनका लागि देहाय बमोजिमको कर्मचारी करारमा भर्ना गर्न आवश्यक रहेकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीत पूर्वकको दरखास्त आव्हान गरिन्छ।

| क.स | विज्ञापन नम्बर | समूह | पद/ तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१-२०८०/८१ | प्रशासन | व्यवस्थापक-अधिकृत (छैठौं) | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन, बाणिज्य शास्त्र, मानवीकी वा सिभिल इन्जिनियरिङ संकायमा स्नातकतह उत्तीर्ण गरि सम्बन्धित विषयमा कम्तिमा २ बर्षको अनुभव। |
| २ | ०२-२०८०/८१ | प्रशासन | लेखा सहायक (पाँचौं) | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा २ बर्षको अनुभव भएको। |
| ३ | ०३-२०८०/८१ | प्राविधिक | सव ईन्जिनियर (पाँचौं) | १ जना | सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह, वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण गरेको । सम्बन्धित विषयमा कम्तिमा २ बर्षको अनुभव भएको। |
| ४ | ०४-२०८०/८१ | प्राविधिक | फिल्ड सहायक प्लम्बर (सहायक -तृतिय) | ३ जना | SEE उत्तिर्ण गरी सम्बन्धीत बिषयमा ज्ञान भएको तथा तालिम प्राप्त। सम्बन्धित क्षेत्रमा कम्तिमा १ बर्षको कार्य अनुभव भएको। |

**कार्य अबधी :-** उल्लेखित पदहरुको कार्य अबधी १ बर्षको हुनेछ र पहिलो ६ महिना (महिलाको हकमा ३ महिना) को अबधी परिक्षण काल रहनेछ। कार्य सम्पादन मुल्यांकनको आधारमा अबधी थप हुन सक्नेछ।

**परीक्षाको किसिम :-** लिखित, सूचना प्रविधि, सीप परीक्षण र अन्तर्वार्ता।

**लिखित परिक्षा कार्यक्रम तालिका :** परिक्षा मिति र स्थान अर्को सूचनामा प्रकाशन गरिनेछ। सुचना, हरिपुर खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्डको कार्यालय हरिपुर तथा हरिपुर नगरपालिकाको सूचना पाटिमा टांस गरिनेछ। साथै उम्मेदवारलाई इमेल वा फोन मार्फत पनि जानकारी गराइनेछ।

**दरखास्त दिने विधि :** सन्दर्भ व्यक्तिहरुको (Reference) नाम, सम्पर्क नम्बर, इमेल ठेगाना सहितको वायोडाटा (व्यक्तिगत विवरण), निवेदन, दरखास्त दस्तुर लिई कार्यालयमा स्वयम् अथवा ईमेल

| | |
|---|---|
| | haripur.wssmb@gmail.com मार्फत दरखास्त दिन सकिने छ । म्याद नाघि आएका वा रीत पुरा नगरेका निवेदनहरु उपर कुनै कार्यवाही हुने छैन । |
| **आवश्यक कागजातहरु :** | शैक्षिक योग्यता, तालिम, अनुभव, र नागरिकता प्रमाणपत्र हरुको प्रतिलिपि लगायतका कागजातहरु दरखास्त साथ संलग्न गर्नुपर्ने छ । प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि आवश्यक पर्नेमा सो समेत संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वयंमले प्रमाणित गरी पेश गर्नु पर्नेछ । |
| **उम्मेदवारको उमेरको हद :-** | निवेदन दर्ता गर्ने दिनसम्ममा १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको । |
| **अन्तरवार्ता हुने मितिः-** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा अन्तरवार्ताको लागि सूचना प्रकाशन गरिनेछ । |
| **तलबः-** | नेपाल सरकारले स्थानीय तहको करार सेवाका कर्मचारीहरुका लागि तोकेको प्रचलित तलवमान अनुसार । |
| **दरखास्त दस्तुर :** | छैठौं तहको लागि रु. १०००/-, पाँचौं तहको लागि रु. ५००/- र तृतिय तहको लागि रु. ३००/- |
| **दरखास्त बुझाउने अवधि :-** | २०८० श्रावण ५ गते कार्यालय समयभित्र । यदि दरखास्त बुझाउने दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र । |

**आवश्यक न्यूनतम योग्यता (सबै पदका लागि):**

१. नेपाली नागरिक ।

२. अनुभवको हकमा माग गरेको पदमा कम्तीमा दुई बर्ष (प्लम्बरको लागि १ बर्ष) कार्य अनुभव भएको ।

३. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

४. समुदाय, उपभोक्ता तथा खानेपानी व्यवस्थापन बोर्डसंग इमान्दारिता र पारदर्शिता प्रदर्शन गर्न सक्षम र लैङ्गिक तथा समावेशीका सवालमा सचेतना भएको ।

५. हाल कुनै पनि राजनैतिक पार्टीको पद धारण नगरेको ।

**नोटः** महिला, दलित, सिमान्तकृत तथा स्थानीय उम्मेदवारहरुलाई बिशेष प्राथमिकता प्रदान गरिनेछ ।

**दरखास्त पेश गर्ने स्थान**

हरिपुर खोपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यालय
हरिपुर नगरपालिका, हरिपुर
सम्पर्क नं. ९८५२० २८२२९